# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

समाजिक विज्ञान लगायत अन्य विषयमा अनुसन्धानकर्ताहरू र विश्लेषणले लैंगिक सम्बन्धमा विभिन्न अनुसन्धान गर्दै आएका छन् । ढुंगे तथा प्राचिन युगमा महिला तथा पुरूष दुवैले शिकार खेल्ने, संकलन गर्ने तथा घरायसी काम गर्ने गर्दथे । यो सन् १९१७ भन्दा पहिलेका अवस्था हो । समाज विकास र परिवर्तन सँगै कामको अवसर, आवश्यकता तथा माग पुरा गर्ने क्रममा विविध कामहरू वृद्धि भइरहेको पाइन्छ । त्यस्तै गरी कृषि पेशामा कम संलग्न तथा अन्य पेशाहरू थप हुदै गइरहेको पाइन्छ । शहरीकरणसँगै, गाउँ देखि शहर तिर बसाइसराईको तीव्र गति देखिन्छ । यसरी बसाइसराई गाँउ देखि शहर तिर हुनुमा धेरै अवसरहरू शहरमा पाइएको देखिन्छ । गाउँ देखि शहर तिर बसाइसराई गर्ने प्रक्रिया ऐतिहासिक प्रचलन जस्तै भएको पाइन्छ । यसको कारण शहरमा विभिन्न नयाँ अवसरहरू थप हुदै जानु र गाउँमा कम अवसर भएको देखिन्छ । नेपालको जनसङ्ख्या तिव्र गतिमा वृद्धि हुनु र कृषियोग्य जमिनहरूमा बसोवास बढ्दै गएको पाइन्छ । त्यसकारण कृषि पेशामा कमी हुदै जानु र बैकल्पिक पेशाहरू शहरीकरण सँगै वृद्धि हुनाले पनि मानिसहरू गाउँबाट शहरतिर बसाइसराइ गरिरहेको पाइन्छ । नेपालको सन्दर्भमा विशेषगरी नेपालगन्ज, विरगन्ज, विराटनगर, पोखरा तथा काठमाडौ बसाइ सरी आएको पाइन्छ । उक्त शहरहरूमा बसाइ सर्नुको कारण विभिन्न उद्योग कारखानाहरूमा रोजगार पाउनु, भवन निर्माण तथा सडक पेटी व्यापार आदिमा संलग्न रहेको पाइन्छ । सन् २००३ को अन्तिम सम्म नेपालमा आन्तरिक बसाइसराइ ३,००,००० देखि ४,००,००० भएको पाइन्छ (CSWC, २००४) ।

मानिसका व्यवहारहरू सधैं भरी निश्चित हुदैन समय, परिस्थितिका साथै सामाजिक, साँस्कृतिक, आर्थिक राजनितिक तथा बसाइसराइद्धारा प्रभावित हुन्छन् । विभिन्न देश, समाजका महिला र पुरूषले पारिवारिक समुदाय समाज अर्थात निजी र सार्वजनिक क्षेत्रमा एउटै काम गर्दैनन् । कोही महिला कृषि तथा निर्माणमा लागेका हुन्छन् । त्यसैगरी कोही महिला उद्योग तथा व्यवसायिक क्षेत्रमा लागेका हुन्छन् । कोही पुरूष कार्यालय सम्बन्धि

कार्यमा संलग्न रहेका हुन्छन् भने कोही पुरूषले व्यवसायिक खानी, कृषि कार्य गर्दछन् । कतिपय ठाउँमा पुरूषले भान्सा तथा कपडा धुने गर्दछन् भने कोही ठाउँमा पुरूषले कहिल्यै गर्दैनन् र आफ्नो काम ठान्दैनन् ।

कतिपय ठाउँका संघसँगठन तथा सार्वजनिक कार्यक्रममा महिला र पुरूष दुबै सहभागी हुन्छन् र छलफल गर्दै निर्णय गर्दछन् भने महिला घरका पुरूष अर्थात नातेदार बाहेक अन्य पुरूषसँग बोल्दैनन् । यसरी समाज, जात, वर्ग, उमेर, समुह अनुसार महिला र पुरूषका व्यवहार, प्रवृति, मुल्य, मान्यता फरक रहेका छन् । महिला र पुरूषका यिनै मुल्य मान्यता, व्यवहार आदिलाई नै लैङ्गिक भनिन्छ ।

लैङ्गिक भनेको समाज, समुदाय तथा सामाजिक साँस्कृतिक एकाइहरूद्धारा महिला पुरूषले सम्पादन गरे भनी निर्धारण गरेका काम कर्तव्य, जिम्मेवारीहरू हुन् । पुरूष र महिला भएको कारण उनीहरूबाट समाजले अपेक्षा राखेको भुमिकाहरू हुन् । महिला र पुरूषले गर्ने सामाजिक, साँस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनीतिक भुमिका, मुल्य र मान्यतालाई जेन्डर भनिन्छ ।

महिलाहरूले खेतीको काममा हात नहाल्नु, पुरूषले घर भित्रको काममा हात नहाल्नु यसको उदाहरण हो । त्यो समयको समाज ज्यादै सरल र आत्मानिर्भर थियो । उनिहरूका आवश्यकता पनि सिमित थिए । त्यसैले गर्दा समाजका बाँडफाड, उत्पादन प्रणालीको स्वरूप अनुसार भिन्नै किसिमबाट भएको थियो । तर आज आएर समाज पनि ज्यादै जटिल बन्न पुगेको छ । यो जटिल समाजमा पुरूषले गर्ने काममा महिलाले गर्ने काममा पुरूषले हात नहाल्ले समाज तथा परिवार चल्ने संभावना नै हुदैन । अर्थात आजको युगमा आएको मानिसको सामाजिक तथा आर्थिक अवस्था सुधार हुनका लागि महिला र पुरूषको उत्तिकै महत्वपुर्ण भुमिका रहेको हुन्छ । किन भने पुँजीबादी उत्पादन प्रणालीस्वरूपले गर्दा दुवैले बरावर काम गर्नु पर्ने मान्यता विकास भएको छ । जन्मिसके पछि आफ्नो जीवनलाई सञ्चालन गर्नका लागि विभिन्न पेशा र व्यवसायहरू अपनाउने गर्दछन् । यस क्रममा पारिवारिक पृष्ठभुमि, सामाजिक, आर्थिक र शैक्षिक अवस्था लगायतका पक्षले उसको पेशा तथा व्यवसायलाई निर्क्यौल गरेको देखिन्छ । जीवन पद्धति सञ्चालनका लागि मानिसले विभिन्न उद्योग, कलकारखाना, प्रतिष्ठान, व्यापारिक लगायतका क्षेत्रमा काम गर्ने गरेको पाइन्छ । त्यस्तै विभिन्न सरकारी निकायमा पनि शैक्षिक योग्यता अनुसार काम गरेको

पाइन्छ । अवस्था र परिस्थिति अनुसार मानिस कतिपय काम गर्न विवश भएको पाइन्छ । खास गरेर यसै सन्दर्भमा सडकपेटीमा व्यवसाय गर्ने मानिसहरूको अवस्था के कस्तो छ र के कति कारणले त्यस स्थानमा व्यवसाय गर्न पुगेका हुन् भन्ने प्रसँगमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

नेपालका प्रायजसो साना देखि ठूला शहररूममा सडकपेटीमा व्यापार गर्ने प्रवृति मौलाएको देखिन्छ । र यस्तो व्यापारमा महिला तथा पुरूषका उत्तिकै संलग्नता भेटिन्छ । त्यसमा पनि कतिपय शहरहरूमा पुरूषहरू भन्दा महिलाहरू सडकपेटीको व्यापारमा बढी सक्रिय रहेको देखिन्छन् । प्रस्तुत अध्ययनमा सडकपेटी भन्नाले मानिसहरू निरन्तर रूपमा आवज जाजत गर्ने दायाँ - बायाँ छेउलाई जनाउँछ ।

दक्षिण एसियाले राष्ट्रहरूका परिपेक्षमा भन्ने हो भने यहाँका महिलाहरूको स्थिति युरोपियन वा अमेरिकन महिलाको स्थिति भन्दा एकदमै तल्ला स्तरमा रहेको छ । यहाँका महिलाहरू उनीहरूको आफ्नो धर्म , सामाजिक रहनसहन, रूढीवादी, परम्परा, कुसँस्कार, अन्धविश्वासले घेरिएको हुनाले यसलाई पार गरी अगाडी बढ्न साहस कमै मात्रामा भएको हुन्छ । यहाँका आधिकाँस महिलाहरूको कार्य घरको काम र कृषि कार्यमा मात्र सिमित रहेको छ ।

लैंगिक-जेन्डर, सामाजिक लिंग, महिला पुरूषको सामाजिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक आदि विभिन्न पक्षहरूको समुच्च स्वरूप हो । यो सामाजिक पक्रिया,संरचना र शक्तिसँग सम्वन्धित छ । यसको आधार समाज हो । समाज भनेको विभिन्न रूची, पेशा, धर्म, उमेर, सँस्कृति, मुल्य, मान्यता अवलम्बन गरेका मानिसहरू रहने ठाउँ तथा जालो हो । व्यक्तिहरूको समग्रता हो अर्थात विभिन्न संस्था, मुल्य, मान्यता, नियम, परम्परा मान्यताहरूको गतिशिल सन्तुलित अवस्था हो । यसमा सामाजिक संस्था, मुल्यमान्यता, व्यवहार, आदेश आदिको सन्जाल मानिन्छ । यो सञ्जालमा निश्चित नियम, मान्यता, भुमिका पद आदि हुन्छन् । यी सबै महिला र पुरूषसँग सम्बन्धित रहेको छ । सामाजिक जालो भित्र आर्थिक, राजनीति, सामाजिक आदि इकाइहरूमा महिला र पुरूषको स्थान उच्च रहेको हुन्छ । कसैको न्युन, कोही शक्तिशाली, कोही शक्तिहीन, कुनै मुल्यमान्यता पुरूष केन्द्रित भने कुनै महिला केन्द्रित हुन्छन् । कुनै नियमले पुरूषको कार्यलाई कुनै नियमले महिलाको कार्यलाई समर्थन गर्दछन् । कतिपय आदर्शहरू महिलासँग सम्बन्धित हुन्छन्

कतिपय भने पुरूषसँग यसरी समाजमा हरेक पक्षमा लिँग संरक्षित छ । समुदाय र परिवारमा हरेक पक्षमा महिला र पुरूषको भुमिका बीच सम्बन्ध जोडिएको छ ।

नेपालका महिलाहरू दमन र शोषणका विभिन्न स्वरूप वेहोर्न बाध्य छन् । अशिक्षा, बेरोजगारी र गरीबीका कारण यहाँ महिलाहरू घरको काम सकेर अन्य व्यापार व्यवसायमा लागेका छन् । सामाजिक कुरिति, अन्धविश्वास, विभेद आदि कारणले महिलाहरू पिडित छन्, त्यस्तै पारिवारिक अवस्था नराम्रो हुन्छ ।

## १.२ समस्याको कथन

नेपालको जनसङ्ख्याको आधा भन्दा बढी जनसङ्ख्या महिलाहरूले ओगोटेको पाइन्छ । तापनि महिलाहरू शिक्षा, रोजगार र अन्य विविध क्षेत्रहरूमा पुरूषहरूभन्दा शासित रहेको पाइन्छ । तर समयको उतारचढाब र परिवर्तनसँगै महिलाहरू पनि अगाडि बढ्दै आएको देखिन्छ । जस्तै : लक्ष्मी शर्मा नेपालको पहिलो महिला टेम्पो चालक मानिन्छ । उनले आफ्नो इच्छा त पुरा गरिन तर पेशागत रूपमा सफल नभएको देखिन्छ । झापाकी सुमित्रा दंगाल वि.ए.पास गरे पनि पेशामा टेम्पो ड्राइभर अंगालेको पाइन्छ । समाजको नराम्रो सोचाइ-महिलाहरू पुरूषमा निर्भर हुनुपर्छ त्यस कुरालाई अन्त्य गरि महिलाहरूले आफ्नो आधारभुत आवश्यकता पुरा गर्ने अवस्थालाई देखाएको पाइन्छ (सापकोटा, २००६) ।

त्यस्तै गरी अर्की साहसी केटी मालालाको पनि उल्लेखनीय योगदान रहेको पाइन्छ । जो पाकिस्तानमा जन्म भई सानै उमेरमा शिक्षाले मात्र विश्वलाई परिवर्तन गर्न सक्छ भन्ने मान्यता राख्ने मालाला हुन् । यस कुराबाट के स्पष्ट हुन्छ भने पुरूषबाट मात्र हैन महिलाबाट पनि विकास र परिवर्तनको कामहरू हुन सक्ने अवस्था आएको देखाइएको पाइन्छ (Lamb, 2013)।

अर्की एक महान विचार भएकी दाङकी शान्ता चौधरी राजनीतिमा अग्र वा अगाडि रहेको पाइन्छ । हाम्रो समाजमा महिलाको भूमिकाले पुरूष भन्दा कम सकारात्मक कार्य नगरेको भन्न मिल्दैन भनेर देखाइएकी पाइन्छ (चौधरी, २०७०) ।

सामान्यतया सबै प्रकारका व्यापारीहरूले निश्चित चुनौतिहरू सामाना गर्नु परिरहेको पाइन्छ । तर विशेष गरी पुरूषको तुलनामा महिला व्यापारीहरूले धेरै चुनौतिहरू खेप्नुपर्ने

देखिन्छ । अझ बच्चा भएका महिलाहरूले व्यापारमा अनुभव, समय र काम पुरूष सरह लिनु पर्दा महिलाहरूलाई चुनौतिपुर्ण जीवन सामाना गर्नू परिरहेको पाइन्छ (wolf, 2016)।

त्यसैले सडकपेटीमा व्यापार गरेर आयआर्जन गर्ने महिलाहरूको सामाजिक अवस्था जानकारी प्राप्त गर्नका लागि प्रर्याप्त मात्रामा अध्ययन हुन नसक्नु नै यस अध्ययनको प्रमुख समस्याको रूपमा लिइएको छ । सडकपेटीको व्यापारमा संलग्न महिलाहरू परिश्रम, मेहनति र इमानदार भए पनि उनीहरूको सामाजिक अवस्था राम्रो नहुनुमा विभिन्न समस्याहरू रहेको छ, जसलाई निम्नानुसार हेर्न सकिन्छ ।

क) कस्ता - कस्ता महिलाहरू सडकपेटी व्यापारमा संलग्न रहेछन् ?

ख) सडकपेटी व्यापार व्यवसायमा महिलाहरू किन आर्कषित छन् ?

ग) के कसरी व्यापार संचालन गर्छन् ?

घ) उनीहरूको आफ्नो घर परिवारमा कस्तो आर्थिक सहयोग जुटाई रहेका छन् ?

ङ) यो पेशा अपनाएपछि उनीहरूले सामाजिक तथा आर्थिक अवस्थामा कस्तो परिवर्तन आएको छ ?

## १.३ अध्ययनको उद्देश्य

समग्रमा प्रस्तुत अध्ययनको उद्देश्य सडकपेटीमा व्यापार व्यवसाय गर्ने महिलाहरूको सामाजिक स्थितिको अध्ययन गर्नु हो । प्रस्तुत अध्ययनलाई निष्कर्षमा पुऱ्याउन निम्नानुसारका विशिष्ट उद्देश्यहरू राखिएको छ :

क) सडकपेटीमा व्यापार गर्ने महिलाहरूको वैयक्तिक, पारिवारिक स्थितिको वर्णन गर्ने,

ख) महिलाले सञ्चालन गरेका सडकपेटी व्यापार गरेको अवधि र व्यापारका प्रकारको बारेमा विश्लेषण गर्ने,

ग) व्यापारबाट आयआर्जन स्थिति र आम्दानी उपयोगका बारेमा विश्लेषण गर्ने,

घ) व्यापारमा संलग्न र आयआर्जनबाट महिला व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा परेको प्रभाव ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि विषय वस्तु अध्ययन गर्नु पछाडि त्यस विषयको आफैमा महत्वपुर्ण स्थान हुनाले अध्ययन विश्लेषणको आधारमा कुनै पनि विषयको वास्तविक स्वरूप आकार - प्रकार आउने हुदा सडकपेटीमा व्यापार गर्ने महिलाहरूको समग्र अवस्थालाई वास्तविक रूपमा अध्ययन गर्नु यसको महत्व छ । वर्तमान समयमा उत्पादन कार्यमा आएको परिवर्तका कारणले पुरूषले मात्र कार्य गरेर घर व्यावहार नचल्ने भएकोले र महिलाहरू मात्र घर भित्रको कार्यमा संलग्न हुने हुदा घर व्यवहार चलाउन निकै कठिन हुन थाल्यो । त्यसैकारण महिलाहरूमा आएको चेतनाका कारण उनीहरू पनि विभिन्न पेशा व्यवसायमा कार्यरत महिलाहरूको सामाजिक अवस्थाबारे जानकारी हुन आवश्यक देखिन्छ । सडकपेटीमा व्यपार व्यवसाय गर्ने महिलाहरूको सामाजिक अवस्था, यस पेशामा आउनुको कारण आम्दानीको अवस्था, लैङ्गिक जाति, उमेर, आदिको अवस्था यस पेशा प्रतिको आत्मसन्तुष्टि छ वा छैन जस्ता यावत कुराहरूको अध्ययन गर्न आवश्यक देखेर यो अध्ययन गरिएको हो ।

सडकपेटीहरूमा व्यापार व्यवसाय गर्ने महिलाहरूको वास्तविक अवस्थाबारे जानकारी प्राप्त गरी उनीहरूले भोग्नु परेका समस्याहरूको पहिचान हुन गई उक्त समस्याको समाधान गर्न यस अध्ययनले मद्दत पुऱ्याउँदछ, भन्ने कुरामा विश्वस गर्न सकिन्छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ गाउँ - शहर बसाइसराई

आन्तरिक बसाइसराइले देश भित्र कुनै पनि विशेषतालाई परिवर्तन वा असर गर्दैन तर उक्त राज्यको क्षेत्रिय र उप-क्षेत्रिय क्षेत्रहरूको जनसङ्ख्या र अन्य तत्वहरूलाई भने असर पार्दछ । नेपालको सामाजिक आर्थिक तथा राजनीतिक पक्षहरूमा आन्तरिक बसाइसराइले असर पार्दछ, यिनीहरू बसाई सर्नुको कारण गाउँमा कम अवसर र शहरमा बढी तथा राम्रो अवसर जस्तै रोजगार, अध्ययन, कृषि, तालिम साथै व्यापार रहेको पाइन्छ । गरीविको कारणले आफ्नो आम्दानी बढाउन विकसित ठाउँतिर बसाई सरेको पाइन्छ । त्यसैगरी औद्योगिकरणको विश्वव्यापिकरणसँगै बसाई सराई पनि बढिरहेको पाइएको छ ( अधिकारी, २००१) ।

## २.२ महिलाको पेशागत अवस्था

“काठमाडौ उपत्यकाका व्यवसायिक महिला र विकास एक वैक्तिक अध्ययन” नामक अनुसन्धान कृतिमा अशिक्षित महिलाहरूको तुलनामा शिक्षित महिलाहरूको जीवनस्तर उच्च रहेको निष्कर्ष निकालिए तापनि शिक्षित व्यवसायिक महिलाहरूले पनि पुरूषका तुलनामा कम नै अवसर पाएका छन् । उनका अनुसार व्यवसायिक महिलाहरू मध्ये पनि शिक्षित महिलाहरू तुलनात्मक रूपमा बढी सन्तुष्ट र सामाजिक उत्थानमा बढी योगदान गर्न सक्षम रहेको पाइएको छ । महिलाहरूको स्थिति सीधै तिनीहरूका शैक्षिक स्थितिसँग सम्बन्धित हुन्छ । तसर्थ बढी आएको लागि महिलाहरूको शिक्षा स्तर पनि बढी हनु जरूरी छ भन्ने निष्कर्ष निकालिएको छ (शर्मा, १९८०) ।

अधिकारीले (२०६१) आफ्नो सोधपत्रको लागि गरेको “काठमाडौ टेम्पो चालक पेशामा संलग्न महिलाहरू एक समाजशास्त्रय अध्ययन” शीर्षकको अध्ययन अनुसार टेम्पो चालक यस पेशामा २१ देखि २५ वर्ष उमेर समुहका महिलाहरूको सबैभन्दा कम ३६ देखि ३९ वर्ष उमेर समुहका महिलाहरूको .४४ प्रतिशत संलग्नता रहेको छ भने क्षेत्री जातीका महिलाहरू ३४ प्रतिशत संलग्नता रहेको पाइएको छ । जुन अन्य जाति भन्दा बढी नै

पाइएको छ । त्यसै गरी शेर्पा र लिम्बु जातिका महिलाहरूको सहभागिता ज्यादै कम २.२ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने हिजो सम्म सामाजिक कारणले घरधन्दामा मात्र सीमित ब्राह्मण तथा क्षेत्री महिलाहरू आज आएर आर्थिक कारणले गर्दा उनीहरूको यस पेशामा बढी संलग्नता रहेको देखिन्छ । यस पेशामा संलग्न महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा सबभन्दा वढी ९ प्रतिशत रहेको पाइयो ।

काठमाडौ नेपाल, विशेष गरी इन्द्रचोक सधैं भीड र सडक व्यस्तताले भरीरहन्छ । तैपनि सडक व्यापारीहरू तरकारी पसल देखि कपडा सम्मका सामानहरू फिजाइरहन्छन् । विक्रेताहरू त्यही सडकमा ग्राहकहरूलाई खोजीरहेका हुन्छन् । त्यही इन्द्र चोकमा विगत २ दशक अगाडी देखि नुवाकोटकी लक्ष्मी अधिकारी आफ्नोबारे यसरी बताउँछिन् । "मेरो विहे १७ वर्षमा भयो, त्यो हिसाबले म चाँडै घरको कामकाज र उत्तरदायित्वमा व्यस्त भए । मैले औपचारिक शिक्षा लिनै सकिन । जब म श्रीमानको घरमा बिहे गरेर गए, संघर्षका दिनहरू शुरू भयो, घरधन्दा, परिवार स्याहार सुसार, खेतीपातीका कामहरू सबै गर्थे, तर मलाई परिवारबाट कहिल्यै माया र सम्मानले व्यवहार गरेनन् । आफुसँग खर्च गर्ने पैसा पनि हुदैनथ्यो, त्यसैमाथि परिवारको सहयोग नपाएपछि सारै दुःख भयो, त्यसपछि परिवार सहित हामी काठमाडौ आयौ । त्यसपछि मैले यहीं सडकमा कपडा पसल गरेको २० वर्ष भयो, जब मैले सडक व्यापार शुरू गरे, म परिवारको आर्थिक भारलाई कम गर्न सहयोग गर्न थाले, त्यसपछि परिवारले मलाई माया गर्न थाले, सम्मान गर्न थाले, हाल परिवार धान्न र छोराछोरीको पढाइ धान्न यसै पसले पुगीरहेको छ । त्यसैले सबै खुसी छन् । त्यसैले यो मेरो सडक व्यापार नै मेरो घर हो, मेरो संसार हो, त्यसकारण म नमरे सम्म यो सडक व्यापार गरीरहन्छु (KC, २०१२) ।

## २.३ पेशागत महिलाको आर्थिक अवस्था

शाह (२००१) ले "Women in Electrc Vehicle Safa Tampo Driving Profession" गरेको शोधपत्र अनुसार टेम्पो चालक पेशामा २१ देखि ३० वर्ष उमेर समुहका व्यक्तिहरू रहेका छन् । जसमा प्राय सबै जातजातिका व्यक्तिहरू रहेका पाइन्छ । प्राय सबै महिला विवाहित चालकको रूपमा रहेको पाइन्छ । जसमा ६४ प्रतिशतले पारिवारिक समर्थन पाएको कारणले निकै उत्साहितभएको जनाएकी छन् । उनीहरूको मासिक तलव रू २०००० देखि ५०००० सम्म रहेको र प्राय चालकहरूको तलव ४००० तोकिएको पाइन्छ ।

उक्त समयमा महिलाहरूको राम्रो आय स्रोत भएको मानिन्छ । किन कि, तोकिएको ज्याला भन्दा उनीहरूको कमाई राम्रो भएको पाइन्छ ।

यसरी हेर्दा पेशामा संलग्न महिलाहरूको औसत नेपालीको आय भन्दा निकै बढी देखिन्छ । अन्य किसिमको ज्याला मजदुरी गर्नु भन्दा यस पेशामा लागेका महिलाको आम्दानीलाई राम्रो मान्न सकिन्छ । साथै आफ्नो घर परिवारको गुजारा पनि राम्रोसँग नै चलाउन सकिने कुरा स्पष्ट हुन्छ । त्यस्तै उनको उक्त सोधपत्रमा यस पेशाबाट उनीहरूको आर्थिक, सामाजिक अवस्था पहिलेको तुलनामा निकै राम्रो हुँदै गएको छ भन्ने कुराको जानकारी पाइन्छ ।

## २.४ महिला विकास सम्बन्धी नीति नियमहरू

नवौं पञ्चवर्षीय योजना (२०५४- २०५९) मा महिलालाई विकासका हरेक क्षेत्रमा सक्रिय सहभागि बनाउने उद्देश्यले विभिन्न नितीहरूमा महिलालाई राष्ट्रिय विकासको मुल प्रवाहमा समाहित गर्दै, लैंगिक भेदभाव हटाउने, महिला शसक्तिकरण गर्ने जस्ता नीतिहरूलाई अंगिकार गरिएको छ । महिला बालबालिका तथा समाजकल्याण सम्बन्धी कार्य गर्नका लागि छुट्टाछुटै निकायको आवश्यकता महसुस गरी २०५२ सालमा महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना गरिएको थियो । हाल योजना आयोगको सचिवालय सहित ६ वटा मन्त्रालय अन्तर्गत महिला सम्बन्धि इकाई स्थापना गरी महिला उत्थान तथा विकास कार्यमा संलग्नता गराइएको छ । यसका साथै महिला विरूद्ध हुने यातना एवंम अवरोधका बारेमा सुनुवाई तथा अनुसन्धान गर्न नेपाल प्रहरीमा समेत एक महिला सेनाको स्थापना भएको छ भने, नेपाल आर्मीको विभिन्न विभागहरूमा पनि महिलाहरूलाई समावेश गराइएको छ । यसका साथै विद्यालयमा छात्राहरूको सङ्ख्या वृद्धि गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिएको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६७) ।

दशौं योजना (२०५९-२०६४) को दिगो आर्थिक वृद्धि र गरीबी निवारण लक्ष्य हासिल गर्न महिला विरूद्धको सबै भेदभावहरू उन्मुलन गर्दै महिला विकास परिसूचकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानता/समतामुलक समाज निर्माण गर्ने मुख्य उद्देश्य राखिएको छ ।

यसैगरी रणनीतिसँग सम्बन्धित नीति तथ कार्यनीति निर्धारण गरिएका छन् । साथै कार्यक्रम तथा कार्यान्वयन व्यवस्था अन्तर्गत मूल प्रवाहीकरण, सशक्तीकरण, लैंगिक समानता, अनुगमन तथा मुल्यांकन जस्ता कार्यक्रहरू ल्याइएका छन् (दशौं वर्षिय योजना, २०६०) ।

लैंगिक विकास सुचांक नमी ०.५५ मा पुऱ्याउने र लैंगिक सशक्तिकरण मापन - gem ०.५००० मा पुऱ्याउने लक्ष्य राखेको पाइन्छ । नीति निर्माणमा महिला सहभागिता कम्तिमा २० प्रतिशत पुऱ्याउने जस्ता मुख्य परिणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् (केन्द्रिय तथ्याङ्क विभाग, २०६७) ।

# परिच्छेद तीन

# अध्ययन अनुसन्धान पद्धति

यस अध्यायमा प्रस्तुत अनुसन्धानमा प्रयोग गरिने विधि र प्रविधिहरूको बारेमा चर्चा गरिएको छ । अध्ययनको लागि कुन ठाउँ छनौट गरिएको छ ? त्यहि ठाउँ छनौट गर्नुको कारण के हो ? अध्ययनमा कस्ता कस्ता तथ्याङ्कको प्रयोग गरिएको छ ? ती तथ्याङ्क कसरी संकलन गरिएको छ ? अध्ययनको समग्र कुन हो ? अध्ययनमा कसरी र कति नमुना छनौट गरिएको छ ? संकलन गरिएका तथ्याङ्क कसरी व्याख्या विश्लेषण र प्रस्तुत गरिएको छ ? आदि प्रश्नको उत्तर यस अध्यायमा दिने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

काठमाडौ उपत्यका जसलाई नेपालको राजधानी भनेर चिनिन्छ । यहाँ सडक बिजुली, शिक्षा, सञ्चार आदि लगायतका अन्य सुविधाको राम्रो व्यवस्था छ । प्रस्तुत अध्ययन अनुसन्धान गर्नका लागि काठमाडौ उपत्यकाका विभिन्न ठाउँका सडकपेटी मध्ये कलंकी क्षेत्रका सडकपेटीमा व्यापार, व्यावसाय गर्ने महिलाहरूलाई लिइएको छ । किन भने सुविधा सम्पन्न ठाउँ व्यापार, व्यावसायबाट राम्रो आम्दानी हुने ठाउँ भएकोले र त्यसमा पनि महिला व्यापारीको जीविकोपार्जनको एउटा माध्यम सडकपेटीको व्यापार भएकोले यहाँ सडकपेटीको व्यापार व्यवसाय फस्टाएको कारणले देशका अन्य भागबाटपनि व्यापार व्यावसायका लागि आधिकांश महिलाहरू यही आएको पाइन्छ । बढी महिला व्यापारी यहीँ भएकोले यो अध्ययन काठमाडौ उपत्यकाको कलंकी क्षेत्रका सडकपेटीमा व्यापार व्यवसाय गर्ने महिला व्यापारीहरूलाई लिइएको छ । जसको लागि कलंकी क्षेत्रको सडकपेटीलाई मानिन्छ ।

## ३.२ अनुसन्धानको ढाँचा

प्रस्तुत शोधपत्र वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । तदअनुसार, अध्ययनमा समेटिएका विषय वस्तुलाई विस्तृत रूपमा वर्णन गरिएको छ ।

## ३.३ अध्ययनको समग्र र नमुना छनोट

प्रस्तुत अध्ययनको समग्र कलंकी क्षेत्रमा सडकपेटी व्यापार सञ्चालन गर्ने महिलाहरूलाई समेटिएको छ । कलंकी क्षेत्र भन्नाले कलंकी चोक वरीपरी रहेका क्षेत्रहरूलाई लिएकोछ । उक्त क्षेत्रमा महिलाद्धारा संचालित विभिन्न पसलहरूलाई समावेश गरिएको छ त्यस्ता पसलहरूमा चिया पसल, तरकारी व्यापार, कपडा व्यापार, जडीबुटी व्यापार, पुस्तक व्यापार, फलफूल व्यापार, म.म. पसल, पानीपुरी, चटपटे आदि पसलहरू रहेका छन् । कलंकी क्षेत्रमा त्यस्ता पसल संचालन गर्ने महिलाको सङ्ख्या करीव १०० जना रहेका छन् । त्यसमध्ये, यस अध्ययनको लागि ६० जना महिलाहरूलाई नमुना छनोटका आधारमा छनोट गरि सबै खाले पसलहरूका महिलाहरूलाई समावेश गराइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस कार्यका लगि गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकारका तथ्याङ्कहरू प्रयोगमा ल्याएको छ । साथै प्राथमिक र द्धितिय स्रोत दुवैलाई प्रस्तुत गरिएको छ । गुणात्मक सङ्ख्या तथ्याङ्हरूको सहायताबाट नै अनुसन्धान उपलब्धिमुलक हुने हुदा प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्नका लाीग प्राथमिक, द्धितिय स्रोतलाई समावेश गरिएको छ । यस विषयसँग सम्बन्धित सदन्र्भ सामग्रीहरू, पत्रपत्रिका, अभिलेख, पुराना सोधपत्र आदिको मद्दतबाट द्धितिय तथ्याङ्क सङ्कलन गरिएको छ ।

प्राथमिक स्रोतलाई पनि तथ्याङ्क सङ्कलनको स्रोतको रुपमा सहयोगी बनाइएको छ । जसमा प्रश्नावलीको सहयोग लिएर प्रत्यक्ष अन्तरवार्ता लिइ तथ्याङ्क सङ्कलन गरिएको छ । द्धितिय स्रोतबाट तथ्याङ्क लिने क्रममा सरकारी तथा गैरसरकारी संस्था विशेष र अन्य स्रोतलाई बनाइएकोछ । जस्तै केन्द्रिय तथ्याङ्क विभाग, अभिलेख, पत्र पत्रिका, पुस्तकहरू आदि । सडकपेटीमा व्यापार गर्ने महिलाहरूको सामाजिक अध्ययनका लाीग तथ्याङ्कको विश्लेषण, तथ्याङ्कको प्रकृति अनुसार सङ्ख्यात्मक तथा गुणात्मक विधि अपनाइएकोछ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययन मुख्य रूपमा प्राथमिक तथ्याङ्कमा आधारित छ । प्रथामिक तथ्याङ्क सङ्कलन क्रममा उत्तरदाता महिलासँग अन्तरवार्ता विधि प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको थियो । नमुनाको लागि छनोट गरिएका महिलाहरूसँग संरचित अन्तरवार्ता लिइएको थियो । अन्तरवार्ता लिने प्रयोजनका लागि अन्तरवार्ता अनुसुचि तयार गरिएको थियो । उक्त अन्तरवार्ता अनुसुचिमा व्यापारको अवस्था, पारिवारिक समर्थन, भविष्यको योजना, साथै सामाजिक अवस्था जस्ता थुप्रै अनुसन्धानको उद्देश्यसँग सम्बन्धित पक्षहरू समेटिने खालका प्रश्नहरू संकलन गरिएको थियो । अन्तरवार्ता अनुसुचि यसै सोधपत्रको परिशिष्टमा संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुति

अध्ययनका लाीग संकलन गरिएका तथ्याङ्कहरूको प्रभावकारीता त्यसको प्रस्तुतिकरणमा भर पर्ने हुनाले प्राप्त तथ्यहरूलाई सिलसिलाबद्ध रूपमा विभिन्न तालिकाबद्ध रूपमा प्रतिशतमा समेत उल्लेख गरिएको छ । अत : प्राप्त तथ्यहरूलाई वर्णात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको । तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण र विश्लेषणमा तालिकाकरणको सहायता लिइएको छ ।

## ३.७ अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धान विषयको क्षेत्र व्यापक हुन्छ । समय, श्रम र अर्थ आदिका कारण त्यस्ता बृहत क्षेत्रको अनुसन्धान एकै पटक संभव हुदैन यसर्थ समय र अर्थ तथा अध्ययनका उद्देश्यका आधारमा अनुसन्धान कार्यलाई निश्चित सीमा भित्र बाँधिएको छ । प्रस्तुत अध्ययनलाई निम्न बुँदामा सीमांकन गरिएको छ ।

क) प्रस्तुत अध्ययन मुलभुत काठमाडौ जिल्लाको कलंकी क्षेत्रका सडकपेटीमा हुने व्यापारमा केन्द्रित रहेको छ,

ख) उक्त क्षेत्रमा व्यापार गर्ने महिला व्यापारीहरूमा मात्र केन्द्रित रहेकोछ,

ग)	ती महिला व्यापारीको विगत, वर्तमान र आर्थिक अवस्था यस पेशा प्रति आकर्षित हुनुका कारण तथा यस पेशामा तिनीहरूले भोग्नु परेका समस्या मात्र केन्द्रित गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण

## ४.१ उत्तरदाता महिलाको वैयक्तिक तथा पारिवारिक पृष्ठभुमि

सडकपेटीमा व्यापार गर्ने महिलाहरूको वैक्तिक र पारिवारीक स्थिति भन्नाले, उक्त सडकपेटीमा संलग्न व्यापारी महिलाहरूको वैयक्ति अध्ययन, शैक्षिक अध्ययन र पारीवारिक स्थिति - विवाहति, अविवाहित, एकल, पारपाचुके आदि कस्तो अवस्थामा रहेका छन् भनी व्याख्या गरिन्छ ।

### ४.१.१ जातजाति

समाजमा विभिन्न जातजातिहरू मिलेर बसोबास गरेको पाइन्छ । जसमा सडक व्यापारमा संलग्न विभिन्न जातजाति रहेको पाइन्छ जुन बाहुन, क्षेत्री, मगर, चौधरी, तामाङ, राई र नेवार आदि ।

जातजातिको अवस्थालाई हेर्दा क्षेत्री महिलाहरुको संलग्नता व्यापार क्षेत्रमा उच्च रहेको पाइएको छ । नेवार महिलाहरुको संलग्नता केही मात्रामा देखिएको पाइएको छ । अन्य जात जातिका महिलाहरुको सङ्ख्या सामान्य अवस्थामा रहेको पाइएको छ । यसरी हेर्दा के स्पष्ट हुन्छ भने जातजातिको आधारमा पनि पेशाको निर्धारण भएको कुरा बुझिएको छ । जातिको आधारमा कामको बाँडफाड भएको रहेछ भनेर बुझिएको छ । यसरी समग्र रुपमा हेर्दा के देखिएको छ भने जातजाति पनि पेशा व्यवासायलाई निर्धारण गर्न महत्वपूर्ण भूमिको खेलेको हुन्छ भनेर बुझिएको छ । जसलाई तलको तालिकामा स्पष्ट गरिएको छ ।

**तालिका ४.१**

**उत्तरदाताहरूको जातजाती विवरण**

| **जातजाती** | **उत्तरदाताको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| बाहुन | ४ | ७ |
| क्षेत्री | २२ | ३७ |
| मगर | ६ | १० |
| चौधरी | ८ | १३ |
| तमाङ | ६ | १० |
| राई | ४ | ६ |
| नेवार | १० | १७ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

उत्तरदाताहरू मध्ये ७ प्रतिशत उत्तरदाताहरू बाहुन पाइएका छन् । त्यसैगरी ३७ प्रतिशत उत्तरदाताहरू क्षेत्री जाती पाइएका छन् । १० प्रतिशत मगरहरू पाइएका छन् १३ प्रतिशत चौधरी पाइएका छन् १० प्रतिशत तामाङ पाइएका छन् । त्यसै गरी ६ प्रतिशत राई जातिहरू पाइएका छन् । साथै १७ प्रतिशत नेवार जाति पाइएका छन् ।

## ४.१.२ उमेर

उत्तरदाताहरुबाट के बुझिन्छ भने उमेरले पनि पेशा व्यवसायमा भूमिका खेल्ने रहेछ भनेर बुझिएको छ । किनकी उमेर अनुसार व्यवसाय पेशा गर्नु सहज हुने कुरा बुझिएको छ । जस्तै बढी उमेर भएपछि बल प्रयोगका कामहरु गर्न नसक्ने र सामान्य कामको लागि मात्र सहज भएको कारण पनि यस सडक पेशामा संलग्न भएको देखिएको छ । अन्य कार्य भन्दा यो काम सहज महशुस भएको पाइएको छ । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.२**

**उत्तरदाताहरूको उमेरको विवरण**

| **उत्तरदाताको उमेर (वर्ष)** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| २०-३० | १५ | २५ |
| ३१-४० | २० | ३३ |
| ४१-५० | १० | १७ |
| ५१-६० | १० | १७ |
| ६१-७० | ५ | ५ |
| जम्मा | ६० | १०० |
| औषत उमेर (वर्ष) | ४५ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिकाबाट के थाहा भयो भने ३१-४० वर्ष उमेर समूहका उत्तरदाताहरु बढी देखिएको छ । जुन ३३ प्रतिशत रहेको छ । सबैभन्दा कम उमेर समूहका ६१-७० वर्ष उमेर समूहका ८ प्रतिशत रहेको देखिएको छ साथै औसत उमेर समूह ४५ वर्ष रहेको देखिएको छ । उत्तरदाताहरुको उमेर समूह हेर्दा २४ वर्ष उमेर समूहबाट सुरु भएको देखिएको छ । २४ वर्ष उमेर समूहबाट ३० वर्ष विचका उत्तरदाताहरु २५ प्रतिशत र ३१-४० उमेर समूहका ३३ प्रतिशत, ४१-५० वर्षको उमेर समूह १७ प्रतिशत, ५१-६० उमेर समूह १७ प्रतिशत र ६१-७० उमेर समूह ८ प्रतिशत रहेको कुरा माथिको तालिका ४.२ बाट प्रष्ट पारिएको छ ।

## ४.१.३ साक्षरता स्थिति

साक्षरताको अवस्थाले पनि पेशामा असर पारेको पाइन्छ । किनकी शिक्षित वा साक्षरहरु सरकारी कार्यालयमा काम पाउने साथै राम्रै कामको व्यवस्था मिल्न सक्ने हुन्छ भने निरक्षरहरु यसरी सडक व्यापारलाई अँगालेर भए पनि जीवन गुजारा गर्नुपर्ने देखिएको छ । यस सडक व्यापारमा साक्षर भन्दा बढी संख्यामा निरक्षर महिलाहरुनै बढी संलग्न रहेको पाइएको छ । साक्षरताको अवस्थाले पनि पेशालाई निर्धारण गरेको पाइएको छ । जसलाई तालिकाबाट प्रष्ट परि व्याख्या गरिएको छ ।

**तालिका ४.३**

**उत्तरदाताहरूको साक्षरताको स्थिति**

| प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ४० | ६६.६७ |
| साक्षर | २० | ३३.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

उत्तरदाताहरू मध्ये ६६.६७ प्रतिशत उत्तरदाताहरू निरक्षर रहेको पाइन्छ । उनीहरूले सामान्य लेखपढ पनि नगरेको बताउँछन्, भने अर्को तिर ३३.३३ प्रतिशत उत्तरदाताहरू साक्षर छन् । उक्त उत्तरदाताहरू मध्ये कोहीले सामान्य लेखपढ र आफ्नो नाम मात्र लेख्न सक्ने बताउँछन् भने कोहीले स्कुल गएर प्रा.वि. देखि मा.वि. सम्मको अध्ययन गरेको बताउँछन् ।

## ४.१.४ वैवाहिक स्थिति

व्यापारले विवाहित जिवनमा सकारात्मक भूमिका खेलेको कुरा स्पष्ट हुन्छ । पारिवारिक जीवनलाई अगाडी बढाउन महत्वपूर्ण भूमिका रहेको कुरा पनि स्पष्ट हुन्छ । अविवाहित जिवन भन्दा विवाहित जीवन शैलीको लागि व्यापारले सहज भूमिका खेलेको पाइन्छ । जीवनलाई अगाडी बढाउन व्यापार पनि एक महत्वपूर्ण बाटो रहेको पाइन्छ ।

व्यापारमा विवाहित महिलाहरु रहेको पाइएको छ । उनीहरुको परिवारको आवश्यकता पूर्तिका लागि आम्दानीको बाटो बनेको पाइएको छ । अविवाहित महिलाहरुको लागि खासै भूमिका नरहेको पाइएको छ । एकल महिलाहरूको लागि पनि खासै आवश्यक नरहेको पाइएको छ । जसलाई तालिकाबाट पनि प्रष्ट पारिएको छ ।

### तालिका ४.४

### उत्तरदाताहरूको वैवाहिक स्थिति

| **वैवाहिक स्थिति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| अविवाहित | २ | ३.३३ |
| विवाहित | ४८ | ८० |
| एकल | १० | १६.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

जम्मा उत्तरदाताहरू मध्ये ८० प्रतिशत उत्तरदाताहरू विवाहित छन् । साथै उनीहरू परिवारसँगै रहेर परिवारको सहयोगमा उक्त सडक व्यापार गरिरहेका छन् । त्यस्तै ३.३३ प्रतिशत उत्तरदाताहरू अविवाहित छन् भने १६.६७ प्रतिशत उत्तरदाताहरू एकल महिलाहरू रहेको देखिन्छ । उक्त उक्तरदाताहरू मध्ये धेरै उत्तरदाताहरू आफ्नो श्रीमानको मृत्यु भएपछि आफ्नो सासुससुरा वा परिवारका सदस्यहरूबाट अपहेलित भएर गाउँ घर छाडेर शहर आई उक्त पेशा अपनाएका छन् । उक्त उत्तरदाताहरू आफ्नो पारिवारिक, आर्थिक साथै उमेरको समस्याले गाँजे पछि आफुलाई कठिन भएको बताउँछन् । उनीहरू व्यापार खुल्ला सडक, एक्लो भएर धानी रहँदा ग्राहकहरू बाटै धेरै समस्याहरू भोग्नु पर्ने अवस्था देखिन्छ । यसका साथै नगरपालिकाले पनि बेला बेला दुःख दिइरहेको देखिन्छ । यसै सन्दर्भमा ५९ वर्षिया धादिङ खाल्टेबाट आउनु भएको सुक माया श्रेष्ठ भन्नुहुनछ । “म यहाँ आउनु अगाडी धादिङमा सामान्य खेतीपाती गर्थे, मेरो श्रीमान वितेपछि मलाई परिवारले राम्रो गरेनन्, छोराछोरी छैन् परिवारसँग बस्न नसकेपछि म काठमाडौ आए । काठमाडौ आएपछि कोठामा एक्लै बस्दै आएको छु । यही सडक व्यापार त राम्रै चल्छ तर कहिले काही नगरपालिकाले मकै पोल्ने भाडा, दाउरा र मकैको भारी सम्म उठाएर लगि दिन्छ । यस्तो गरेको २/ ३ पटक भैसक्यो, फेरी किन्दै छु । कहिले काही नराम्रो व्यवहार गर्ने ग्राहकहरू आउँछन् । धम्की दिएर पैसा नदिइ खाएर जान्छन् । यस्तो समस्याहरू खेप्नु पर्दा भने दुःख लागेर आउँछ । तर साथी भाइको सहयोग भने राम्रै पाइरहेकी छु ।”

## ४.२ उत्तरदाता महिलाले सञ्चालन गरेका सडकपेटी व्यापारको विशेषता

महिलाले संचालन गरेको सडकपेटी व्यापारको विविध पक्षको विश्लेषण भन्नाले उत्तरदाताहरूले उक्त व्यापार गर्न थालेको कति भयो, व्यापार गर्नु भन्दा अगाडी के - के पेशा गर्थे, कुन सन्दर्भमा सडक व्यापार गर्न आए, सडक व्यापारमा परिवारका कुन -कुन सदस्यहरू संलग्न छन् , दिनमा कति घण्टा उक्त व्यापारमा संलग्न हुन्छन्, अन्य के-के काम गर्छन्, सामान कहाँ कहाँबाट कसरी ल्याउँछन्, लगानी तथा कमाई कति -कति छ भनी व्याख्या तथा विश्लेषण गरिन्छ । त्यस्तै सडकव्यापारीहरु प्रति समाजको नजर कस्तो छ, सरकारको नीतिनियमहरूले कस्तो खालको असर पारीरहेको छ, महिलाहरू प्रति सरकारको व्यवस्था कस्तो हुनुपर्ने, व्यापारमा सुरक्षित छ कि छैन् । अन्य पेशा गर्नेले आफुलाई सम्मान गर्छन कि गर्दैनन् हाल,गरिरहेको पेशा छोड्न मन छ कि छैन्, मौसम अनुसार पेशा परिवर्तन हुन्छ कि हुन्न, पुरूष व्यापारीबाट, भेदभाव भएको छ कि छैन, महिला व्यापारीहरूको आफु प्रति कस्तो व्यवहार रहेको छ । समग्र ग्राहकहरूको व्यवहार कस्तो रहेको छ, साथै पुरूष ग्राहकहरूको व्यवहार कस्तो रहेको छ । कस्तो व्यत्तिले नराम्रो व्यवहार गर्छन् । साथै उक्त पेशामा परिवारमा समर्थन छ कि छैन् आदिको बारेमा संलग्न रहेर व्याख्या विश्लेशषण गरिन्छ ।

### ४.२.१ व्यापार गरेको अवधी

उत्तरदाताहरुबाट के स्पष्ट हुन्छ भने यस पेशा लामो समय सम्म गरिरहेको र सामान्य अवस्थमानै भइरहेको बताउँछन् । यो पेशा सहज भएकोले पनि पेशा गरिरहेको बताउँछन् । पेशा गर्न थालेको समय तालिकामा दिइएको छ ।

**तालिका ४.५**

**व्यापार गर्न थालेको समय**

| व्यापारको अनुभव (वर्ष) | व्यापरी सङ्ख्या | प्रशित |
|---|---|---|
| १ - ५ | १४ | २३.३३ |
| ६ - १५ | ३० | ५० |
| १६ - ३० | १६ | २६.६७ |
| जम्मा | ६० | १०० |
| औषत अवधि (वर्ष) | ६० | |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

जम्मा उत्तरदाताहरू मध्ये २३.३३ प्रतिशत उत्तरदाताहरूले उक्त सडकव्यापारमा काम गर्न थालेको १ देखि ५ वर्ष सम्म भएको छ । त्यस्तै गरी ५० प्रतिशत उत्तरदाताहरूले ६ देखि १५ वर्ष सडक व्यापारमा समय विताई सकेको देखिन्छ । त्यस्तै गरी २६.६७ प्रतिशत उत्तरदाताहरूले १६ दखि ३० वर्ष सम्म उक्त सडक व्यापारपेटीमा समय विताइ सकेको पाइन्छ । साथै औसत अवधि वर्ष १२ भएकोकुरा पनि तालिकाबाट स्पष्ट देख्न सकिन्छ ।

## ४.२.२ व्यापार गर्नुभन्दा अगाडीको पेशा व्यवसाय

सडक व्यापारमा आउनु भन्दा अगाडीको समय ती महिलाहरू विभिन्न काममा संलग्न थिए । कोही खेतीपाती, कोही ज्यामी, कोहि कारखानामा, केही कुनै पेशामा संलग्न नभएको साथै कोही सिलाई बुनाइ काममा संलग्न थिए । यी यस्था पेशाबाट जीवन धान्न कठिन भएको कुरा बताउँछन् । सडक व्यापारमा आउनु भन्दा अगाडिको पेशामा उनीहरुको जीवन गुजारा गर्ने शैलीलाई असहज भएको भनेर बताउँछन् । यस पेशामा आउनु भन्दा अगाडीको पेशाले जीवन धान्न कठिन, काम गर्न गाह्रो साथै काम अनुसारको ज्याला नपाउने, यी यस्तो समस्याका कारण सडक व्यापरमा आउनु पर्ने बुझिएको छ उत्तरदाताहरुबाट । यस पेशामा आउनु अगाडीको पेशा तालिकामा स्पष्ट दिइएको छ ।

### तालिका ४.६

### व्यापार संलग्न हुनु भन्दा अगाडिको पेशा व्यावसाय

| अगाडिका पेशा/ व्यावसाय | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेतीपाती | २० | ३३ |
| ज्यामी | १० | १७ |
| कारखाना | १५ | २५ |
| कुनै पेशामा संलग्न नभएको | ९ | १५ |
| सिलाइ बुनाई | ६ | १० |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

उत्तरदाताहरू सडक व्यापारमा संलग्न हुनु भन्दा अगाडी ३३ प्रतिशत गाउँमा खेतीपाती गर्दथे १७ प्रतिशत ज्यामी काम गर्दथे त्यस्तै २५ प्रतिशत कारखानामा काम गर्दथे । १५ प्रतिशत उत्तरदाताहरू सिलाइबुनाइमा संलग्न थिए, भने १० प्रतिशत उत्तरदाताहरू कुनै पेशामा पनि संलग्न नरहेको पाइएको छ ।

यस पेशामा आउनु भन्दा अगाडी ३३ प्रतिशत उत्तरदाताहरू आफ्नो गाउँघरमा खेतीपातीको आयआर्जनबाट जीबिकोपार्जन गर्न ज्यादै कठिन भएको भनेर बताउँछन् । गाउँमा बस्दा आयआर्जन स्रोतको माध्यम नभएको साथै अरू काम गर्न पनि विकल्प नभएको कारण बताउँछन् ।

त्यसै गरी १० प्रतिशत उत्तरदाताहरू के काम गर्ने ? भनेर भौतारिरहेको पनि बताउछन्,यसरी भौतारीरहेको आवस्थामा यो सडक व्यापार केही सहज भनेर यस पेशामा आइपुगियो भनेर बताउँछन् ।

यसै सन्दर्भमा सर्लाहीका ४० वर्षीय साइली मगर पहिलाका पेशा वा अवस्थाको बारेमा यसरी व्यक्त गर्दछन् । “मेरो घर सर्लाही हो, घरमा म, छोरा र बुहारी बस्छौं, खेतीपातीबाट कम उब्जाऊ र परिवार धान्न गाह्रो भएपछि खेती पनि छोडे त्यसपछि

काठमाडौमा व्यापार गरेर केही सजिलो हुन्छ भनेर साथीहरूबाट थाहा भयो, त्यसपछि काठमाडौ आइ सडक व्यापार गर्न थाले ।"

यसैगरी कारखानामा २५ प्रतिशत काम गर्ने उत्तरदाताहरू पनि रहेका थिए । उनीहरू त्यस पेशाबाट भनेजस्तो कमाई नभएको र जीवन धान्न गाह्रो भएको भन्ने कुरा बताउँछन् । त्यसपछि यस पेशा सम्म आइपुगेको कुरा स्पष्ट गर्दछन् ।

## ४.२.३ व्यापारमा संलग्न हुनाका कारणहरू

उत्तरदाताको अनुसार के बुझ्न सकिन्छ भने पहिलेको काम कठिन भएको, धेरै कमाउने रहर भएर साथै अरूको काम गर्न मन लागेर भनेर बताउँछन् । किनकी उनिहरुमा पहिलेका काम कठिन भएको र अरुको काम गरेर बस्दा धेरै कष्ट भएको बताएका छन् । साथै अरुको काम गर्न मन नलागेको कुरा बताएका छन् । जसलाई तालिकामा प्रष्ट गरिएको छ ।

**तालिका ४.७**

**यस पेशामा आउनुका कारण**

| सन्दर्भहरू | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पहिलेको काम कठिन भएर | २० | ३३.३३ |
| कमाउने रहर भएर | २० | ३३.३३ |
| अरूको काम गर्न मन नलागेर | १० | १६७.६७ |
| अन्य | १० | १६.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७१

सडकपेटी व्यापारी हुनुमा ३३.३३ प्रतिशत उत्तरदाताहरू पहिलेको काम कठिन भएर उक्त कामहरू छाडी आएको पाइन्छ । त्यस्तै गरी ३३.३३ प्रतिशत उत्तरदाताहरूले धन कमाउने रहर भएर उक्त पेशा अपनाएको देखिन्छ । त्यस्तै गरी १६.६७ प्रतिशत उत्तरदाताहरू पहिले गरेको काम (अफिसमा, कारखानामा, ज्यामी) आदिमा गरेको तर केही

समय वितेपछि उक्त कामहरू गर्न मन नलागेर छाडी सडक व्यापारमा लागेको पाइन्छ । भने, १६.६७ प्रतिशत उत्तरदाताहरूले अन्य कारण जस्तै कुनै विहे गरेपछि, कोही उमेर ढल्कदै गएपछि, कोही साथी भाइकोसँगतले कोही एक्लो भएर, कोही शहरमा बस्ने रहर भएर भने केही काम गरे केही होला भन्ने सोच भएर उक्त सडक व्यापारमा संलग्न रहेको देखिन्छ ।

### ४.२.४ व्यापारमा संलग्न परिवारका सदस्य

उत्तरदाताहरुबाट के बुझिएको छ भने, उनीहरु यस पेशा एक्लै गरिरहेको बताउँछन् । केही प्रतिशत श्रीमानसँग काम गरेको कुरा देखिएको छ भने अन्य सदस्यहरु अरु काम नै गरेको बताएका छन् । जसलाई तालिकामा दिइएको छ ।

**तालिका ४.८**

**सडक व्यापारमा संलग्न परिवारका सदस्यहरू**

| व्यापारमा संलग्न सदस्यहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक्लै | ३० | ५० |
| म र श्रीमान | २४ | ४० |
| म र छोरा | २ | ३.३३ |
| म र आमा | २ | ३.३३ |
| म र छोरीहरू | २ | ३.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

उक्त सडक व्यापारमा ५० प्रतिशत उत्तरदाताहरू एक्लै सडक व्यापारमा संलग्न रहेको देखिन्छ भने ४० प्रतिशत उत्तरदाताहरू आफ्नो श्रीमानसँग व्यापारमा संलग्न रहेको पाइन्छ । त्यस्तै गरी ३.३३ प्रतिशत उत्तरदाताहरू आफ्नो छोरासँग ३.३३ प्रतिशत उत्तरदाताहरू आफ्नो आमासँग र ३.३३ प्रतिशत उत्तरदातामा आफ्नो छोरीसँग व्यापारमा संलग्न रहेको पाइन्छ ।

### ४.२.५ व्यापारमा संलग्न हुने दैनिक समय

व्यापार गर्ने व्यापारीहरुको संलग्न समय फरक-फरक नै रहेको पाइएको छ । जसमा समय अनुसार व्यापार पनि र आम्दानी पनि फरक रहेको पाइएको छ । व्यापारमा संलग्न समयलाई तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.९**

**सडक व्यापारमा संलग्न रहँदा प्रत्येक दिनमा संलग्न समय**

| **प्रत्येक दिन (घण्टामा)** | **व्यापारी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ३ | ६ | १० |
| ५ | ४ | ६.६७ |
| ६ | १२ | २० |
| ८ | ४ | ६.६७ |
| १० | ६ | १० |
| १२ | १२ | २० |
| १५ | १२ | २० |
| १६ | ४ | ६.६७ |
| जम्मा | ६० | १०० |
| औसत समय (घण्टा) | १० | |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

१० प्रतिशत व्यापारीहरू दिनमा ३ घण्टा मात्र व्यापारमा संलग्न रहेको देखिन्छ । ६.६७ प्रतिशत सडक व्यापारीहरू दिनमा ५ घण्टा संलग्न रहेको देखिन्छ । त्यस्तै २० प्रतिशत व्यापारीहरू दिनमा ६ घण्टा सम्म संलग्न छन् । त्यसैगरी ६.६७ प्रतिशत व्यापारीहरू दिनमा १० घण्टा व्यापारमा संलग्न रहेको देखिन्छ । त्यस्तै २० प्रतिशत व्यापारीहरू दिनमा १२ घण्टा संलग्न हुन्छन् भने २० प्रतिशत व्यापारीहरू दिनमा १५ घण्टा संलग्न छन् र ६.६७ प्रतिशत सडकव्यापरीहरूमा दिनमा १६ घण्टा सम्म संलग्न रहेको

पाइन्छ । त्यसैगरी औषत समय (घण्टा) १० घण्टा रहेको संलग्न रहेको भनेर स्पष्ट पारिएको छ ।

## ४.२.६ व्यापारको किसिम

व्यापारको किसिम हेर्दा विभिन्न प्रकारको व्यापार रहेको पाइयो । जसमा तरकारी, चिया, कपडा, मकै मःमः, फलफूल, खुद्रा तथा अन्य आदि । यसरी विभिन्न प्रकारका व्यापार के? कति ? प्रतिशत रहेको छ भनेर तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ४.१०**

**सडकव्यापारीहरूको व्यापारको प्रकार**

| **व्यापारको प्रकार** | **व्यापारी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| तरकारी | ५ | ८.३३ |
| चिया | १० | १६.६७ |
| कपडा | १५ | २५ |
| मकै | ५ | ८.३३ |
| म.म. | ५ | ८.३३ |
| फलफूल | ५ | ८.३३ |
| खुद्रा | १० | ८.६७ |
| अन्य | ५ | ८.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

८.३३ प्रतिशत व्यापारीहरू तरकारी व्यापार गर्छन्, १६.६७ प्रतिशत व्यापारीहरू चिया पसल गर्छन्, २५ प्रतिशत व्यापारीहरू कपडा पसल गर्छन्, त्यस्तै ८.३३ प्रतिशत मकै पोलेर बेच्चे काम गर्छन् । त्यस्तै ८.४ प्रतिशत म.म. बेच्छन्, त्यसैगरी ८.३३ प्रतिशत फलफूल - केरा, स्याउ, सुन्तला, अनार, बदाम, काफल आदिको व्यापार गर्छन । १६.६७ प्रतिशत व्यापारीहरू खुद्रा व्यापार चुरोट, सलाई, खैनी, पराग,पिंकी, मिठाई आादिको व्यापार गर्छन्, भने ८.३३ प्रतिशतले अन्य - पानीपुरी, चस्मा, जुत्ता आदिको व्यापार गरेको देखिन्छ।

## ४.२.७ व्यापारमा सरकारी नीति नियमले पारेको असर

सरकारी नीतिनियमले सडक व्यापारीहरुमा खासै सकारात्मक भूमिका नखेलेको बताएका छन् । किनकी सरकारले व्यवस्था नगरेको बताउँछन् । उनीहरुमा सरकारी तहबाट सहयोगको आशा राख्दछन् । तर त्यसको कुनै व्यवस्था नरहेको भनेर बताएका छन् । जसलाई तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.११**

**व्यापारमा सरकारको नीतिनियमले पारेको असर**

| प्रकार | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ६ | १० |
| नराम्रो | ५४ | ९० |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

उत्तरदाताहरू मध्ये १० प्रतिशत उत्तरदाताहरूलाई मात्र सरकारको नीति नियम राम्रो लागेको देखिन्छ किनकी व्यापार गरे वापद कर तिर्नु नपर्ने ठिकै जस्तो बताउँछन् । तर बढी मात्रामा पिडा भोगिरहेको कुरा बताएको पाइन्छ । जस्तैः नगरपालिबाट खटी आएको प्रहरीद्धारा आफ्नो सामान खोसिएको अनि भाग्नु पर्ने बाध्यता तर सरकारी निकायबाट कुनै पहल नभएको भनेर दु:ख पोखेको पाइएको छ ।

त्यस्तै गरी सडकव्यापारीहरूलाई समाजले राम्रो नजरले हेरेको बताउँछन् । उनीहरूले आफ्नो व्यापार अनुसार कसैले होलसेल पसलबाट गाडीमा सामान ल्याउने त कसैले कालीमाटीबाट त कसैले अन्यबाट पसलका सामानहरू ल्याउने गर्दछन् । उक्त व्यापारमा परिवारका समर्थन पनि राम्रै भएको बताउँछन्, भने पुरूष तथा महिला व्यापारीहरू जो आफ्नो वरपर बसेका हुन्छन् । तिनीहरूले पनि राम्रै व्यापार र सहयोग गरेको बताउँछन् ।

त्यस्तै ग्राहकहरूमा पनि प्रायजसो राम्रो व्यावहार पाइरहन्छन्, तर कहिलेकही जाँडरक्सीले मातेका मान्छेहरूबाट भने केही समस्या भोग्न पर्ने र सडकव्यापार सोचे जति सुरक्षित नभएको उत्तरदाताहरू बताउँछन् ।

## ४.३ व्यापारबाट आय आर्जनको स्थिति र त्यसको उपयोग

यस आय आर्जनको स्थिति र उपयोगलाई हेर्दा के बुझिन्छ भने व्यापारबाट भएको आम्दानीबाट जीवन स्तरमा पविर्तन आएको रहन, सहन र शिक्षा स्वास्थ्यमा परिवर्तन आएको देखिएको छ । यस व्यापारबाट सकारात्मक परिवर्तन नै भएको पाइएको छ ।

### ४.३.१ आम्दानीको रकम

उत्तरदाताहरूको आम्दानीको रकमको बारेमा त्यति राम्रो नभएको बताउँछन् आम्दानी कम हुने र जीवन धान्न गाह्रो हुने बताउँछन् । यो रकमबाट थोरै उत्तरदताले मात्र गुजारा गर्न सहज भएको बताएका छन् । उत्तरदाताहरमा आम्दानीको रकमबाट जीवन धान्न र पारिवारिक अवस्थलाई सहजता तुल्याएको पाइएको छ । साथै सामाजिक अवस्थालाई पनि सकारात्मक प्रभाव परेको देखिएको छ । आम्दानीबाट जीवनस्तरलाई सकारात्मक रुपमा प्रभाव पारेको देखिएको छ । आम्दानीको रकम तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१२**

**व्यापारबाट हुने आम्दानी**

| मासिक आय (हजारमा) | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २000- ५000 | १५ | २५ |
| ५000-१0,000 | २0 | ३३.३३ |
| १0,000-१५,00 | १५ | २५ |
| १५,000-२0,000 | १0 | १६.६७ |
| जम्मा | ६0 | १00 |
| औसत (रु.) | १0,२५0 | |

स्रोत : स्थलगत सर्वेक्षण २0७१

२० प्रतिशत उत्तरदाताले मासिक रू २,०००- ५००० हजार सम्म आर्जन गर्ने देखिन्छ । त्यस्तै ३३.३३ प्रतिशत उत्तरदाताहरूले ५०००-१०००० सम्मको आर्जन गर्छन्, त्यस्तै गरी २५ प्रतिशत उत्तरदाताहरूले १०,०००- १५,००० आर्जन गरेको पाइन्छ भने १६.६७ प्रतिशत उत्तरदाताहरूले १५,०००- २०,००० सम्म आर्जन गरेको पाइन्छ। औसतमा मासिक आय रू. १०,२५० सम्म आर्जन गरेको पाइन्छ।

### ४.३.२ खर्चको निर्णय गर्ने व्यक्ति

व्यापारबाट परिवारमा सकारात्मक प्रभाव नै परेको देखिन्छ । उनीहरुमा खर्च गर्ने निर्णय आफैमा रहेको पाइएको छ। यसरी के बुझिन्छ भने परिवार र समाजमा सहजता नै प्रदान गरेको पाइएको छ । खर्च गर्ने निर्णय कसमा रहेको छ भनेर तालिकाबाट प्रष्ट पारिएको छ।

**तालिका ४.१३**

**खर्च गर्ने निर्णय**

| खर्च गर्ने व्यक्ति | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफै | २८ | ४६.६७ |
| श्रीमान | ३० | ५० |
| परिवारकाअन्य सदस्यहरू (वुवा, आमा, दाई, दिदी) आदी | २ | ३.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

४६.६७ प्रतिशत उत्तरदाताहरू जो आफु स्वयम्ले कमाएको रकम खर्च गर्ने निर्णय गर्छन् । त्यस्तै ५० प्रतिशतको आफ्नो श्रीमानबाट निर्णय हुने गरेको पाइन्छ। भने ३.३३ प्रतिशतको अन्य सदस्यहरूबाट निर्णय हुने गर्दछ।

### ४.३.३ आम्दानीको पर्याप्तता

आम्दानीबाट व्यवहार धान्नको लागि सहज भएको कुरा बताउँछन भने थोरै सङ्ख्याले मात्र नपुग्ने कुरा व्यक्त गरेका छन्। आम्दानीको कारणबाट नै उनिहरुको

पारिवारिक र सामाजिक जीवनलाई सहजता प्रदान गरेको पाइएको छ । उनीहरुमा विभिन्न कार्यहरुमा अगाडी बढ्नको लागि सहजता मिलेको पाइएको छ । आम्दानीको पर्याप्ततालाई तालिकाबाट पनि प्रष्ट पारिएको छ ।

**तालिका ४.१४**

**आम्दानीको पर्याप्तता**

| आम्दानीको पर्याप्तता | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुग्ने | ४० | ६६.६७ |
| नपुग्ने | २० | ३३.३३ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

६६.६७ प्रतिशत उत्तरदाताहरूले आफ्नो **स**डक व्यापारबााट घर खर्च गर्न पुगेको देखिन्छ, भने ३३.३३ प्रतिशत उत्तरदाताहरूले मात्र आफ्नो **स**डक व्यापारबााट घर खर्च गर्न नपुगेको पाइन्छ ।

## ४.३.४ व्यापारबाट सन्तुष्टिको स्थिति

उत्तरदाताहरुबाट के स्पष्ट हुन्छ भने उनीहरुमा व्यापारको आम्दानीबाट केही प्रतिशत खुशी रहेको र केही असन्तुष्टि नै भएको बताउँछन् । समग्र रुपमा भन्नुपर्दा सन्तुष्टि नै भएको कुरा बताएका छन् साथै तलको तालिका दिइएको छ ।

**तालिका ४.१५**

**सडक व्यापारबाट सन्तुष्टी स्थिति**

| **छ वा छैन** | **व्यापारी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| छ | ३२ | ५३.३३ |
| छैन | २८ | ४६.६७ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

५३.३३ प्रतिशत उत्तरदाताहरू आफ्नो सडक व्यापारबाट सन्तुष्ट रहेका छन् । भने ४६.६७ प्रतिशत उत्तरदाताहरू आफ्नो सडकपेटी व्यापारबाट असन्तुष्ट रहेको पाइन्छ ।

## ४.४ व्यापारबाट महिलाको व्यक्तिगत, पारीवारीक र सामाजिक जीवनमा परेको प्रभाव

यस पेशाबाट महिलाको व्यक्तिगत पारिवारिक सामाजिक जिवनमा के कस्ता प्रभावहरू परेका छन् भनेर तलको बुँदाहरूबाट स्पष्ट पारिएका छ ।

### ४.४.१ परिवारको आम्दानीको अवस्था

उत्तरदाताहरुको अनुसार आम्दानीको अवस्था सकारात्मक नै रहेको तर सोचे जस्तो रुपमा आम्दानी बृद्धि नभएको भनेर बताउँछन् । आम्दानीको अवस्था सामान्य नै रहेको भनेर बताउँछन् । जसलाई तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.१६**

**आम्दानीको अवस्था**

| आम्दानीको अवस्था | व्यापारी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| उस्तै | ५० | ८३.३३ |
| पहिले भन्दा बढेको | १० | १६.६७ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

८३.३३ प्रतिशत उत्तरदातहरूको आम्दानीको अवस्था उस्तै, जस्तो व्यापार गर्दाको अवस्था थियो हाल सम्म पनि उस्तै रहेको छ । भने १६.६७ प्रतिशत उत्तरदाताहरूको आम्दानी पहिलेको भन्दा बढेको पाइन्छ , तर पछिको भन्दा कम आम्दानी हुने हरूको प्रतिशत भने शुन्य रहेको देखिन्छ । यसरी हेर्दा पनि के प्रष्ट हुन आउँछ भने सडकपेटी व्यापारको आम्दानीको अवस्था दिनानु दिन वृद्धि भइरहेको छ ।

### ४.४.२ आम्दानीबाट परेको प्रभाव

यस व्यावसायबाट जीवन धान्ने बताउँछन् । साथै यो व्यावसायको आम्दानीले आबश्यकता पुर्ति भइरहेको बताउँछन् । जीवन जीउने शैलीमा केही फरक भएको बताउँछन् । जस्तै बसोबासबो स्थिति, छोरा छोरीको पढाई, स्वास्थ्य स्थिति, सामाजिक सम्बन्ध, व्यवसायिक संगठनको सदस्य साथै सचेतनाको अवस्थामा आम्दानीबाट महत्वपूर्ण प्रभाव परेको बताउँछन् । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१७**

**आम्दानीबाट परेको प्रभाव**

| प्रभाव | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बसोबासको स्थिति | १५ | २५ |
| छोराछोरीको पढाई | १२ | २० |
| स्वास्थ्य स्थिति | ८ | १३ |
| सामाजिक सम्बन्ध | १० | १७ |
| व्यवसायिक सङ्गठनको सदस्य | ५ | ८ |
| सचेतनाको अवस्था | १० | १७ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

आम्दानीबाट सबैभन्दा बढी २५ प्रतिशत प्रभाव परेको देखिन्छ भने व्यवसायिकसँगठनको सदस्य ८ प्रतिशत भएको देखिन्छ । यो कम प्रभाव रहेको भनेर देखियो । त्यस्तै सामाजिक सम्बन्ध र सचेतनाको अवस्था १७ प्रतिशत प्रभाव परेको देखियो भने स्वास्थ्य स्थिति १३ प्रतिशत प्रभाव परेको देखियो ।

### ४.४.३ छोराछोरीको पढाइमा भएको परिवर्तन

उत्तरदाताहरूले छोराछोरिको पढाइमा भएको परिवर्तनको बारेमा पहिले र अहिलेको अवस्थाको बारेमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका १८**

**उत्तरदाताका छोराछोरीहरूलाई पढाउने पहिले र अहिलेको स्कुल**

| विद्यालयको किसिम | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सरकारी | ४८ | ८० | ३२ | ५३.३३ |
| बोर्डिङ | १२ | २० | २८ | ४६.६७ |
| जम्मा | ६० | १०० | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

५३.३३ प्रतिशत उत्तरदाताहरूका छोराछोरीहरू हाल सरकारी स्कुलमा पढीरहेका छन् भने, ४६.६७ प्रतिशत उत्तरदाताका छोराछोरीहरू बोर्डिङ स्कुलमा पढीरहेका छन् । यसरी तालिका १८ लाई पहिले र अहिले तुलनात्मक रूपले अध्ययन गरेर हेर्दा सरकारी स्कुलमा पढ्नेहरूको प्रतिशत घट्दै गइरहेको देखिन्छ भने, अर्को तिर, बोर्डिङ स्कुलमा अध्ययन गर्नेहरूको प्रतिशतमा भने दोब्बर वृद्धि आइरहेको छ । यसबाट पनि के प्रष्ट हुन्छ भने, उनीहरूका परिवारमा शैक्षिक स्तरमा पनि थप गुणस्तर र सुधारमा वृद्धि भइरहेको देखिन्छ ।

## ४.४.४ स्वास्थ्य उपचार तरिकामा भएको परिवर्तन

स्वास्थ्य उपचार गर्ने तरिका पनि फरक बन्दै गएको कुरा उत्तरदाताहरु बताउँछन् । व्यापार कार्यमा संलग्न भए पछि उनीहरुमा स्वास्थ्य उपचरा गर्ने तरिकामा परिवर्तन, साथै उनिहरु राम्रो अस्पतालमा उपचार गराउने गरेको पाइएको छ । त्यसलाई तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका १९**

**पहिले र अहिले विरामी हुँदा उपचार गर्ने उपचारको किसिम**

| उपचारको किसिम | पहिले | | अहिले | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| धामी झाँक्री | १० | १६.६७ | २ | ३.३३ |
| सरकारी अस्पताल | २० | ३३.३३ | २८ | ४६.६७ |
| क्लीनिक | ३० | ५०.०० | २० | ३३.३३ |
| प्राइभेट अस्पताल | | | १० | १६.६७ |
| जम्मा | ६० | १००.०० | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

१६.६७ प्रतिशत उत्तरदाताहरूले पहिले विरामी पर्दा धामी-झाँक्रीद्धारा उपचार गर्थे, त्यस्तै ३३.३३ प्रतिशत उत्तरदाताहरूले सरकारी अस्पतालमा स्वस्थ्य उपचार गर्थे भने, ५० प्रतिशत उत्तरदाताहरूले क्लीनिकद्धारा उपचार गरेको देखिन्छ ।

३.३३ प्रतिशत उत्तरदाताहरूले हाल स्वास्थ्य उपचारको क्रममा धामी - झाँक्री लगाउने गरेका छन् । त्यस्तै, ४६.६७ प्रतिशत उत्तरदाताहरूले सरकारी अस्पतालमा उपचार गरिरहेका छन् । त्यस्तै ३३.३३ प्रतिशत उत्तरदाताहरूले क्लीनिकमा उपचार गर्दै आएका छन्, भने १६.६७ प्रतिशत उत्तरदाताहरूले प्राइभेट अस्पतालमा उपचार गरिरहेका छन् । यसरी तालिका १९ लाई पहिले र अहिले तुलना गरी हेर्दा स्वास्थ्य उपचारको क्रममा पनि थप सुधार र परिवर्तनको विकास भएको पाइन्छ ।

## ४.४.५ सामाीजक सहभागिता

उत्तरदाताहरुका अनुसार के कुरा स्पष्ट हुन्छ भने उनिहरुमा टोल छिमेकमा पनि सामाजिक कार्यहरुमा सहभागिता रहेको बताउँछन् । उनिहरुमा सकारात्मक नै प्रभाव परेको कुरा बताएका छन् । टोल वा छिमेकमा बैठकहरुमा सहभागीता जनाइरहेको कुरा बताएका छन् । यसरी के बुझिन्छ भने उनिहरूमा सामाजिक हैसियत पनि बढदै गएको भनेर बुझ्न सकिन्छ । यसैलाई तालिकामा प्रष्ट पारिएको छ ।

### तालिका ४.२०

### टोल छिमेकीको बैठकमा संलग्न भएको र नभएको

| क.स | संलग्न भएको तथा नभएको | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | ६ | १० |
| २ | नभएको | ५४ | ९० |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

१० प्रतिशत उत्तरदाताहरू आफ्नो टोल छिमेकीको बैठकमा संलग्न भएको देखिन्छ, भने बाँकी ९० प्रतिशत त्यस्ता बैठकहरूमा संलग्न नभएको देखिन्छ । सिन्धुली रातमाटेबाट विगत १५ वर्ष अगाडी काठमाडौ आएर सडक पेटीमा म.म. बेच्चै जीविको पार्जन गर्ने महिला रीना श्रेष्ठ आफ्नो पेशा र जीवन अनुभव यसरी व्याक्त गर्छिन्, "म ३० वर्षको भए, मेरो २ छोरीहरू छन्, म र श्रीमान यही म.म. पसल चलाएको १५ वर्ष भयो । यो पसलबाटै छोरीहरू पढाइरहेका छौ । डेरामा बसीरहेका छौ । तर म व्यापारमा व्यस्त हुँदा हुदै पनि मेरो टोल छिमेकको बैठकहरूमा संलग्न भएर आफ्नो कुराहरू राख्छु, टोल सुधारका कुराहरू उठाउँछु । "

त्यसैले महिलाहरू जुनसुकै पेशामा रहे पनि उनीहरू आफु सचेत र सक्षम हुदै गइरहेका छन् । उनीहरूको पहुच हरेक क्षेत्रमा जस्तै पारिवारिक, शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रहरूमा वृद्धि भइरहेको छ । यसका साथै महिलाहरू समाजका विकास र परिवर्तनका आधार बन्दै गइरहेको पाइन्छ ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

नेपाल हिन्दु दर्शनबाट प्रभावित पुरूष प्रधान समाज हो । यहाँको सामाजिक संरचनाको प्रत्येक इकाइमा पितृसत्ताको प्रभाव छ । प्राय महिलाहरू घरायसी एवं कृषि कार्यमा संलग्न रहेका छन् भने पुरूषहरू सार्वजनिक एवं गैर कृषि कार्यमा संलग्न रहेका छन् । घर परिवारमा महिलाको नाममा सम्पत्ति छैन । घरमा आर्थिक लगायत सबै कार्यको निर्णय पुरूषद्धारा हुन्छ । सामान्य महिलाको आर्थिक अवस्था पुरूषको भन्दा कम रहेको छ । तर सामाजिक तथा आर्थिक विकासमा महिलाहरूको भुमिका भने ज्यादै महत्वपुर्ण रहेको छ । यो नेपाल लगायत विकसित मुलुकहरूको वस्तुपरक यथार्थ हो ।

समाजको विकास र परिवर्तनसँगै महिलाहरूको पनि आफ्नो स्थायी बसोवासलाई छोड्दै, काठमाडौ कलंकी चोक वरपर सडक व्यापार गरेर आफ्नो जीविको पार्जन गरीरहेका छन् । “आय आर्जनमा संलग्न महिलाहरूको सामाजिक , आर्थिक स्थिति र त्यस्को प्रवाभ ” को अध्ययन गर्ने क्रममा काठमाडौ कलंकी क्षेत्र-चोक वरीपरी सडकपेटी व्यापारमा संलग्न महिलाहरूका अध्ययन गर्दा लगभग १०० जना महिलाहरू मध्ये ६० जना महिलाहरूको सुचनादाताको रूपमा लिइ उनीहरूलाई संरचित अन्तरवार्ता लिई, उनीहरूबाट प्राप्त तथ्य एवं सुचना जानकारी र यस विषयसँग सम्वन्धित विभिन्न पत्र पत्रिका अप्रकाशित शोधपत्र आदिको आधारमा उल्लेख गरिएको छ । यसरी सडकपेटीमा व्यापार गर्ने महिलाहरू १०० प्रतिशत उपत्यका बाहिरबाट आएको पाइन्छ । र उनीहरू आफ्नो व्यापारबाट परिवार वा आफ्नो जीविकोपार्जन गर्न बाहेक अन्य उपलब्धी खासै पाइदैन भने उनीहरूलाई नगरपालिकाबाट पनि पटक - पटक पीडा दिइरहेको पाइन्छ ।

यस सडकपेटी व्यापारमा विबाहित महिलाहरूको सङ्ख्या सबभन्दा बढी देखिन्छ भने, अविवाहित महिलाहरूको सङ्ख्या कम पाइन्छ । त्यस्तै गरी निरक्षर महिलाहरू बढी संलग्न छन् भने साक्षर महिलाहरू कम संलग्न रहेको पाइन्छ । अर्कोतिर ५० प्रतिशत महिलाहरू खेतीपाती पेशा छाडेर उक्त पेशा गर्न आएका छन् । त्यस्तै विविध व्यापार मध्ये

कपडा व्यापारी महिलाहरू सबभन्दा बढी रहेको देखिन्छ । सरकारी नीतिनियमहरूले पारेको असरबारे भन्ने पर्दा ९० प्रतिशत उत्तरदाताहरूलाई नराम्रो लागेको पाइन्छ, भने बाँकी १० प्रतिशत उत्तरदाताहरू लाई राम्रै लागेको बताउछन् । त्यस्तै संलग्न महिलाहरूको आम्दानीको अवस्था राम्रै रहेको पाइन्छ । भाडामा बसे पनि ढलान घरमा बसेका छन् । पहिले बोर्डिडमा २० प्रतिशतले मात्र आफ्नो छोराछोरीलाई पढाउथे भने हाल ४६.६७ प्रतिशतले पढाइरहेका छन् । उपचार गर्ने तरिका १६.६७ प्रतिशतले पहिला धामी- झाँक्री लगाउँथे भने, हाल ३.३३ प्रतिशतले मात्र धामी- झाँक्री लगाइरहेका छन् । त्यस्तै पहिला प्राइभेट अस्पतालमा कसैले उपचार नगरेपनि हाल १६.६७ प्रतिशले प्राइभेट अस्पतालमा उपचार गर्दै गराउँदै आएका छन् । त्यस्तै १० प्रतिशत महिलाहरू टोलछिमेकको बैठकमा संलग्न हुने देखिन्छ ।

तसर्थ : समय र समाज परिवर्तन हुँदा महिलाहरू पनि आफ्ना पुराना पेशाहरू त्याग्दै नयाँ पेशाहरू अंगाल्दै शहरीकरणमा समावेश हुदै जाँदा उनीहरूका हरेक पक्षहरूमा सकारात्मक परिवर्तनहरू भएको पाइन्छ । उनीहरू स्वावलम्बी हुदै जानुका साथै अन्य पक्षहरूमा पनि परिवर्तन र विकासले सही बाटो लिइरहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

अत : समाज परिवर्तन र विकाससँगै महिलाहरूले गर्ने पेशाहरू पनि परिवर्तन भइरहेको देखिन्छ । यसका साथै सडक व्यापारमा संलग्न महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थामा थप सुधार आए पनि उनीहरूको व्यापारप्रति सरकारी नीतिनियमहरूले पूर्ण रूपमा सडकव्यापार वन्द गरेको कारण व्यापारीहरू असन्तुष्टि रहेका छन् ।

उनीहरूको व्यापारमा व्यवस्था तथा उनीहरूको व्यापारलाई समय अनुसार परिवर्तन गर्न पनि सरकारले महत्वपुर्ण भुमिका खेल्नु पर्ने देखिन्छ । त्यस्तै सडकव्यापारीहरूलाई छुट्टै व्यवस्था गर्न र उनीहरूको सामाजिक तथा आर्थिक पक्षलाई दिनानु दिन वृद्धि गर्न सरकारले छुट्टै स्थल व्यवस्था गर्न पनि आवश्यक देखिन्छ । अर्को तिर उमेर र स्वास्थ्य तथा व्यक्तिको क्षमता अनुसार व्यापारको प्रकार वर्गीकरण गरिनु टड्कारो रूपमा देखिन्छ । भने एकातिर कामको निरन्तरता स्वास्थ्यको अवस्था, सामाजिक स्थितिलाई थप वृद्धि गर्दै जानु सडक व्यापारीहरूलाई अन्य ठाउँमा व्यवस्था गर्दै हौसला प्रदान गरिनु जरूरी देखिन्छ । त्यसैले

व्यपार गर्ने इच्छुक महिलाहरूलाई निरन्तरताको लागि विश्वास गराउनु पर्ने देखिन्छ । अर्कोतिर सडक व्यापारीहरूलाई समयको निश्चितता गराउनु पर्ने पनि देखिन्छ । साथै उनीहरूको व्यापारमा सुरक्षित रूपमा संचालन गर्नको लागि व्यापार व्यवस्थापनको पक्षबाट केही सुरक्षाकर्मीहरूको व्यवस्था हुनु पर्ने देखिन्छ । जसले गर्दा खराव व्यक्तिहरूबाट अपमानित र अपहेलित हुन नपरोस् । उनीहरूको लिंग, स्थान, उमेर आदिको आधारमा उनीहरूलाई समानताको आधिकार दिएर मात्रै पुग्दैन र उनीहरूलाई समताको अधिकारको व्यवस्था पनि टड्कारो रूपमा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थहरू

अधिकारी, मिलिमा (२०६१) टेम्पो चालक पेशामा संलग्न महिलाहरू एक समाजशास्त्रीय अध्ययन, अप्रकाशित सोधपत्र, समाजशास्त्र मानवशास्त्र विभाग त्रि. वि. कीर्तिपुर ।

अधिकारी, रेसराज (२०६४) समाजशास्त्रीय र मानवशास्त्रीय अनुसन्धान पद्धति, भोटाहिटि काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र, (२०५९) लैंगिक अध्ययन, काठमाडौं : समाजशास्त्र प्रकाशन ।

आर्थिक वर्ष २०७०/०७१ को बजेट बक्तय, (२०७१) नेपाल सरकार अर्थ मन्त्रालय ।

आर्थिक सर्वेक्षण (२०६९/२०७०) अर्थ मन्त्रालय, २०७० असार, काठमाडौ ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६७) नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७, काठमाडौ, नेपाल सरकार ।

चौधरी, शान्ता (२०७०) कमलरी देखि सभासद सम्म, बागबजार, काठमाडौं, सांङ्ग्रिला पुस्तक प्रा.लि. ।

नेपाल सरकार, कानून मन्त्रालय, नेपालको अन्तरिम संविधान २०६३, प्रमाणिकरण प्रकाशन मिति २०६३/१०/१ नेपाल काठमाडौ, नेपाल ।

राष्ट्रिय योजना आयोग, (२०५५) नवौं पञ्च वर्षीय योजना, २५४/२०५९, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०६०) दशौं वर्षीय योजना २०५९/२०६४, नेपाल सरकार ।

शर्मा, जनकलाल, (२०५२) हाम्रो समाज एक अध्ययन, काठमार्डौ : साझा प्रकाशन ।

Adhikari, Jagannath (2001), Povety globalisation and gendered labour migration in Nepal. New Delhi, sage publication pvt. ltd.

Butler John E. (2003), new perspectiveson women entrepreneurs' page-255 USA, information age publishing.

CBS (1995), Statistical pocket book Kathmandu: National planning secretariat central bureau of statistics.cbs.gov.np

CBS (2001), Population, monograph. women and the subversion of the community, Kathmandu cbs importantnt publicaton.

CIDI, Mahammed (2014), business guide and employment role-3 UK Ltd. Authorhouse

Community study and welfare center (CSWC) 2004, Plight of internally displaced preson (IDPS) in Nepal a call for an urgent interaction by HMG Nepal United Nation International Community.

Harris, Neil (2007), Business Economics theory and application-page 130 uk businesses

Janet. Morrison (2012) The global business environment: Meeting the challenges -page 7 Uk palgrave macmillan.

K.C., Bal Kumar (2001), Internal Migration in Nepal, Switzerland, international organization for migration.

K.C., Usha, (2012), Nepal women find economic independence as street vendors. USA Kluwer Academic Publishers.

Lamb, Crristina (2013), I am malala, New York: USA, arrangement with little Brown and company.

Pimslur, Julia (2015), Million dollar women: the essential guide for female entrepreneurs amazon.com

Sapkota, Hari (2006), Women Tempo Divers Taking control in Nepal, Kathmandu Nepal, Martin Chautari

Shah, Anjali (2001), Women in eletric vehicle (Safe Tempo) driving profession. An unpublished M.A. thesis Trichandra Multiple Campus, Kathamandu.

Sharma Aasha (1980), Professional Women and Development. A Case Study of Kathmandu valley. Tis Hazri Delhi, practo

Wasserman ,Noam (2012), The founder's dilemmas: anticipating and avilding tha pitfalls. USA amazon.com.

Wolf, Lhale (2016), Movercoming challeges fecing in business. USA amazon.com

## परिशिष्ट

### अन्तरवार्ता अनुसूची

उत्तरदाताको नामथर..........................

ठेगाना (हाल)...............................

**१. वैयक्तिक एवंम पारिवारिक पृष्ठभूमि**

१.१ जात/जातिः ............................

१.२ उमेर ....... वर्ष

१.३ साक्षरता स्थिति : क) निरक्षर ख) साक्षर

१.४ यदि साक्षर भए, पास गरेको कक्षा : ............. कक्षा

१.५ तपाई कुन जिल्लाको कुन ठाउँबाट आउनु भएको हो?

क) जिल्लाको नाम : .......................

ख) गा.वि.स./नगरपालिकाको नाम : ...........................

१.६ यदि काठमाडौ बाहिरबाट आएको भए, त्यस ठाउँमा तपाईको परिवारको आफ्नै जग्गा जमिन छ कि छैन?

क) छ ख) छैन

१.७ यदि जग्गा जमिन भएको भए कति छ?

....................... रोपनी

.......................... कट्ठा

१.८ आफ्नो जग्गा जमिनको उब्जनीले तपाईको परिवारलाई वर्षेनी खान पुग्छ?

क) पुग्छ ख) पुग्दैन

१.९ अहिले त्यस ठाउँमा तपाईको परिवारको कोहि हुनुहुन्छ?

क) सबै काठमाडौ आएका छौ, त्यहाँ कोहि पनि छैन ।

ख) कोहि काठमाडौ आएका छौ, कोहि त्यही बस्छौ ।

ग) घर जग्गा बेचेर आएको

घ) अरुलाई त्यसै छोडेर आएको

ङ) ....................................

१.१० अहिले काठमाडौ तपाईका परिवारका को को हुनुहुन्छ?

क)............................. ख)............................. ग).............................

घ) ............................. ङ) ............................. च) ............................. छ) ....

१.११ काठमाडौमा तपाई कहाँ बस्नु हुन्छ?

क) आफ्नै घर ख) डेरामा ग) अन्य

१.१२ तपाईको परिवारको आम्दानीका स्रोतहरु के के हुन् ?

क) सडक व्यापार

ख) जागिर

ग) अर्कै व्यापार

घ) वैदेशिक रोजगार

ङ) .............................

च) .............................

छ) .............................

१.१३ तपाई काठमाडौ के को सिलसिलामा आउनु भएको थियो?

क) .............................

ख) .............................

ग) .............................

घ) .............................

ङ) .............................

च) .............................

छ) .............................

१.१४ तपाईको वैवाहिक स्थिति कुन हो?

क) अविवाहित

ख) श्रीमानसँगै रहेको विवाहित

ग) श्रीमानसँग छुट्टी बसेको

घ) पारपाचुके

ङ) विधवा

च) अन्य .............................

१.१५ तपाई बाहेक तपाईको परिवारमा आय आर्जन गर्ने अरु को को छन् ? र कसरी आय आर्जन गर्छन्

| क.सं. | आय आर्जन गर्ने व्यक्ति | आय आर्जन गर्ने तरिका |
|---|---|---|
| १ | आमा | वैदेशिक रोजगार, ज्यालामा, सरकारी जागिरमा, प्राइभेट जागिरमा आदि |
| २ | बुबा | |
| ३ | छोरा | |
| ४ | छोरी | |
| ५ | ............................ | |
| ६ | ............................ | |
| ७ | ............................ | |

१.१६ तपाई बसाई सरी आउनु भएको हो?

क) हो ख) होइन

१.१७ हो भने कति वर्ष भयो?

............ वर्ष

**२. सडक व्यापार सम्बन्धी विवरण :**

२.१ सडक व्यापार गर्नु भएको कति भयो?

............ वर्ष

२.२ व्यापार गर्नु भन्दा पहिले के गर्नु हुन्थ्यो?

........................................................................................

२.३ कसरी कुन सन्दर्भमा सडक व्यापार गर्न थाल्नु भयो?

........................................................................................

२४. अहिले के को व्यापार गर्नुहुन्छ?

........................................................................................

२.५ सुरु देखि यहीँ व्यापार गर्ने गर्नुहुन्थ्यो ?

क) यहि मात्र ख) अरु पनि

२.६ यदि अरु व्यापार पनि गरेको भए के के को व्यापार थियो?

क) ......................................................

ख) ......................................................

ग) ......................................................

२.७ सडक व्यापारमा को को संलग्न हुनुहुन्छ?

......................................................

२.८ कति समय देखि कति समय सम्म संलग्न हुनुहुन्छ?

विहान ................ बजे देखि बेलुका ............... बजे सम्म

२.९ यस बाहेक अरु के काम गर्नु हुन्छ?

......................................................

२.१० कुन कुन ठाउँमा काम गर्नुहुन्छ?

......................................................

२.११ सामान कहाँबाट ल्याउनुहुन्छ?

......................................................

२.१२ सामान कसरी ल्याउनुहुन्छ?

......................................................

२.१३ लगानी रकम कति छ?

....................... रु.

....................... रु.

२.१४ मासिक कमाई कति छ?

....................... रु.

....................... रु.

२.१५ यो पेशामा नै किन आउनु भयो ?

........................................................

२.१६ यस्तो पेशा गरिरहँदा समाजले कस्तो नजर लगाउँछन् ?

क) राम्रो ख) नराम्रो

२.१७ तपाइको व्यापारमा सरकारको नीति नियमहरुले कस्तो प्रकारको असर पारिरहेको छ?

क) राम्रो ख) नराम्रो

२.१८ सरकारको नीतिनियममा सन्तुष्टि हुनुहुन्छ?

क) छु　　　　　　ख) छैन

२.१९ सडक व्यापारमा सरकारले महिलाहरुलाई कस्तो खालको व्यवस्था गरेमा राम्रो लाग्छ?

..............................................................................................................

.................................................................

२.२० तपाईको व्यापार पेशामा सुरक्षित हुनुहुन्छ?

क) छु　　　　　　ख) छैन

२.२१ यदि सुरक्षित हुनुहुन्न भने के गर्नुपर्छ जस्तो लाग्छ?

..............................................................................................................

२.२२ तपाइलाई समाजले पहिलेको पेशागर्दा राम्रो मानेको थियो कि अहिलेको पेशा गर्दा राम्रो मानेको छ ?

क) पहिले　　　　　　ख) अहिले

२.२३ उक्त पेशालाई अन्य पेशा गर्नेले सम्मान गर्छन् कि गर्दैनन् ?

क) गर्छन्　　　　　　ख) गर्दैनन्

२.२४ यो पेशालाई छोड्न मन छ कि छैन?

क) छ　　　　　　ख) छैन

२.२५ यदि छाडेमा के गर्न चाहानुहुन्छ?

......................................................

२.२६ महिला व्यापारीहरुबाट नै भेदभावभएको छ कि छैन?

क) छ　　　　　　ख) छैन

२.२७ व्यापारमा दिनको कति घण्टा संलग्न हुनुहुन्छ?

........................................................

२.२८ मौसम अनुसार पेशा परिवर्तन गर्नुहुन्छ कि हुन्न?

क) गर्छु　　　　　　ख) गर्दिन

२.२९ सडक व्यापार गर्दा तपाईलाई पुरुष सडक व्यापारीले कस्तो व्यवहार गर्छन् ?

क) राम्रो　　ख) ठिकै　　ग) जिस्काउने　　घ) दुर्व्यवहार

२.३० सडक व्यापार गर्दा पुरुष ग्राहकहरुले कस्तो प्रकारको व्यवहार गरेको पाउनुहुन्छ?

क) राम्रो　　ख) नराम्रो　　ग) ठिकै　　घ) जिस्काउने　ङ) दुर्व्यवहार

२.३१ यदि नराम्रो, जिस्काउने र दुर्व्यवहार गर्छन् भने कुन वा कस्तो पेशा गर्ने पुरुषहरुले उक्त व्यवहार गर्छन् ?

...................................................

२.३२ यो व्यापारमा परिवारको समर्थन छ कि छैन?

क) छ　　　ख) छैन

**३. सडक व्यापारबाट हुने आय आर्जनको र त्यसको उपयोग प्रयोग**

३.१ तपाईको कमाइ कति छ?

.......................................................

३.२ तपाइले कमाउनु भएको पैसा खर्च गर्ने निर्णय कोबाट हुन्छ?

क) आफै　　ख) श्रीमान　　ग) परिवार

३.३ व्यापारबाट भएको आयले घरखर्च गर्न पुग्छ कि पुग्दैन?

क) पुग्छ　　ख) पुग्दैन

३.४ यदि पुग्दैन भने के बाट खर्च थप गर्नुहुन्छ?

.......................................................

३.५ उक्त व्यापारबाट भएको आयमा सन्तुष्ट हुनुहुन्छ?

क) छु　　　ख) छैन

३.६ तपाईको आय आर्जनको स्थिति कस्तो छ?

क) कमजोर　　　ख) ठिकै　　　ग) राम्रो

३.८ तपाईले गर्नु भएको आम्दानी के के मा लगानी गर्नुहुन्छ?

.......................................................

.......................................................

.......................................................

.......................................................

३.९ तपाईले कमाउनु भएको आम्दानी के के मा खर्च गर्नुहुन्छ?

.......................................................

.......................................................

.......................................................

**४. सामाजिक-आर्थिक जीवनमा परेको प्रभावः**

४.१ तपाईको अहिलेको आम्दानी कस्तो छ?

क) पहिलेको भन्दा बढेको ख) उस्तै ग) पहिलेको भन्दा कम

४.२ तपाई पहिले कस्तो घरमा बस्नुहुन्थ्यो?

………………………………………………

४.३ तपाई अहिले कस्तो घरमा बस्नुहुन्छ?

………………………………………………

४.४ तपाईको छोराछोरीहरु पहिले कस्तो स्कुलमा पढाउनुहुन्थ्यो? र अहिले कस्तो स्कुलमा पढाउनु हुन्छ?क

| **पहिले** | **अहिले** |
|---|---|
| सरकारी | सरकारी |
| बोर्डिङ | बोर्डिङ |

४.५ तपाईले आफू र आफ्नो परिवार विरामी हुँदा पहिले कस्तो किसिमको उपचार गर्नुहुन्थ्यो र अहिले कस्तो किसिमको उपचार गर्नुहुन्छ?

| **पहिले** | **अहिले** |
|---|---|
| धामी | धामी |
| क्लिनिक | क्लिनिक |
| सरकारी अस्पताल | सरकारी अस्पताल |
| प्राइभेट अस्पताल | प्राइभेट अस्पताल |

४.६ तपाइको छोरा छोरीहरुको पढाइमा कस्तो असर परेको छ?

१. ……………………………

२. ……………………………

३. ……………………………

४.७ अरु सडक व्यापारीसँग कस्तो सम्बन्ध रहेको ठान्नुहुन्छ?

क) सहयोगात्मक ख) प्रतिद्धन्दी ग) द्वन्द्धात्मक घ) नेतृत्वदायी

४.८ तपाईको टोल छिमेकको बैठकमा संलग्न हुनुहुन्छ?

क) छु ख) छैन

४.९ यदि बैठकमा संलग्न भए, त्यहाँ गएर के गर्नुहुन्छ?

...........................................................................................................

.............................................................................................................

४.१० सडक व्यापारको संगठन छ कि छैन?

क) छु            ख) छैन

४.११ यदि सदस्य भए, कत्तिको सदस्य हुनुहुन्छ?

क) छ            ख) छैन

४.१२ यदि सदस्य भए, कत्तिको भाग लिनुहुन्छ?

क) हरेक बैठकमा

ख) कहिले काँही

ग) वर्षमा एक दुइ पटक

घ) ...........................

४.१३ तपाइलाई महिला अधिकारको बारेमा थाहा छ?

क) छ            ख) छैन

ग) ...........................

घ) ...........................

४.१४ तपाई महिला विकास कार्यक्रम प्रति संलग्न हुनुहुन्छ?

क) छ            ख) छैन

४.१५ यदि हुनुहुन्छ भने उक्त कार्यक्रममा के गर्नुहुन्छ?

..........................................................................................

............................................................................................... ।

धन्यवाद ।